REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 12.03.2026

## सिक्किम अन्तर्राष्ट्रिय फिल्म महोत्सवको पहिलो संस्करणको कर्टेन रेज़र कार्यक्रम

सिक्किम सरकारको सूचना तथा जनसम्पर्क विभागले भारत सरकारको सूचना तथा प्रसारण मन्त्रालय र भारतीय राष्ट्रिय चलचित्र विकास निगम सँगको सहकार्यमा राजधानी गान्तोकमा सिक्किम अन्तर्राष्ट्रिय फिल्म महोत्सवको पहिलो संस्करण आयोजना गर्ने तयारी गरेको छ। 19 देखि 22 मार्चसम्म गान्तोकमा आयोजना हुने सिक्किम अन्तर्राष्ट्रिय फिल्म महोत्सव को शुरुवाती कार्यक्रमको रूपमा आज राजधानीमा पत्रकार सम्मेलन आयोजना गरिएको थियो।

सञ्चारकर्मीहरूलाई सम्बोधन गर्दै अधिकारीहरूले यो महोत्सवले सिक्किमलाई फिल्म निर्माण र सांस्कृतिक आदानप्रदानको लागि उदीयमान गन्तव्यको रूपमा प्रवर्धन गर्दै सिनेमा-कलालाई मनाउने लक्ष्य राखेको कुरा प्रकाश पारे। महोत्सवलाई देश र विदेशका फिल्म निर्माताहरू, कलाकारहरू, समीक्षकहरू र सिनेमा उत्साहीहरुलाई एकै ठाउँमा ल्याउने, विविध चलचित्र अभिव्यक्तिहरूको लागि संवाद, सहकार्य र प्रशंसालाई बढावा दिने मंचको रूपमा परिकल्पना गरिएको छ।

## मेघालयको मिडिया भ्रमण आज समाप्त भयो

मेघालयबाट आएको मिडिया प्रतिनिधिमण्डलको एक साता लामो मिडिया भ्रमण आज समाप्त भयो। यो प्रेस भ्रमण, प्रेस सूचना ब्यूरो, शिलोङले प्रेस सूचना ब्यूरो, गान्तोकसँगको सहकार्यमा आयोजना गरेको थियो। प्रतिनिधिमण्डलले हिजो साँझ सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङलाई भेटेको थियो। आज टोलीले उत्तरी सिक्किमको भाइब्रेन्ट गाउँ टिंग्दाको भ्रमण गरेको

थियो। 13 औं भारत तिब्बत सीमा पुलिसका उप कमान्डेन्ट प्रशान्त कुमार सिन्हाले मिडिया टोलीलाई vibrant village कार्यक्रमको बारेमा जानकारी गराए। पत्रकारहरूले स्थानीय किसानहरूसँग अन्तरक्रिया गरे। पञ्चायत प्रधानले उनीहरूलाई विभिन्न बाली उत्पादन, राज्य सरकारका योजनाहरू र स्व-सहायता समूहहरूको बारेमा जानकारी गराए।

## DWSM बैठकले पाक्योङ जिल्लामा जल जीवन मिसनको स्थितिको समीक्षा गर्यो।

पाकिमका जिल्लापाल रोहन अगवानेले आज जिल्ला प्रशासनिक केन्द्र, पाकिमको सम्मेलन हलमा जिल्ला पानी तथा सरसफाइ अनुगमन समितिको बैठकको अध्यक्षता गर्नुभयो । बैठकले जिल्लामा जल जीवन मिशन स्थितिको समीक्षा गर्यो र घर-परिवारहरूलाई सुरक्षित र पिउने पानीको पर्याप्त आपूर्ति सुनिश्चित गर्ने सम्बन्धी मुद्दाहरूमा छलफल गर्यो । जिल्लापालले पानी स्रोतहरूको विकास र व्यवस्थापनमा ग्राम पंचायत एकांशहरु बीच समन्वयको आवश्यकतामा थप जोड दिंदै पानीको प्रयोग र वितरणको अनुगमनसँग सम्बन्धित उपायहरूबारे छलफल गरे।

## सोनाम लामाले रिङहिम रिक्जिङ चोलिङ गुम्बाको भ्रमण गर्नुभयो

जनस्वास्थ्य इन्जिनियरिङ विभाग, जलस्रोत -विभाग र धार्मिक विभाग मन्त्री सोनाम लामाले आज रिङहिम रिक्जिङ चोलिङ गुम्बाको भ्रमण गर्नुभयो र 6 मार्च देखि भोलिसम्म आयोजना हुने विश्व शान्तिको लागि समर्पित पवित्र प्रार्थना समारोह, लामा गोंगदी ड्डुपचेनमा भाग लिनुभयो।

सिक्किमका विभिन्न भागहरुबाट ठूलो संख्यामा भक्तजनहरूसँगै, 300 भिक्षुहरू हप्ताभरि चल्ने प्रार्थना समारोहमा भाग लिन भेला भएका छन्।

## सोरेङमा 212औं भानु जयन्ती 2026 समारोहको लागि पहिलो तयारी बैठक आज आयोजना गरियो

आगामी 212औं भानु जयन्ती 2026 समारोहको लागि पहिलो तयारी बैठक सोरेङ जिल्लाको मालबासेस्थित इन्जिनियरिङ कम्प्लेक्सको सभा हलमा विधायक सोरेङ- च्याखुड/आदित्य गोलेले अध्यक्षतामा सम्पन्न भयो।

आफ्नो सम्बोधनमा, विधायकले सोरेङ जिल्लामा राष्ट्रिय स्तरमा 212औं भानु जयन्ती मनाउने अवसर प्रदान गरेकोमा सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङलाई धन्यवाद दिए।

**सिक्किम नवीकरणीय ऊर्जा विकास एजेन्सी**

सौर्य ऊर्जा सयन्त्रको सञ्चालन र मर्मतसम्भार सम्बन्धी दुई दिने गैर-आवासीय प्रशिक्षण कार्यक्रम जनता भवन, गान्तोकमा शुरु भयो। यो कार्यक्रम सिक्किम सरकारको विद्युत विभाग अन्तर्गत सिक्किम नवीकरणीय ऊर्जा विकास एजेन्सी द्वारा आयोजना गरिएको हो।

**सिक्किममा माछा मार्ने पर्यटनलाई प्रवर्धन गर्न मुख्यमन्त्रीद्वारा तयारी बैठकको अध्यक्षता**

मुख्यमन्त्री प्रेम सिंह तामाङले आज सम्मान भवनमा सिक्किम माछा Anglers संघ, मत्स्यपालन, पर्यटन, सडक तथा पुल, वन र खेलकुद विभागका अधिकारीहरूसँग एक तयारी बैठकको अध्यक्षता गर्नुभयो । श्री तामाङले मनोरञ्जन, संरक्षण र सामुदायिक सहभागितालाई सन्तुलित गर्ने तरिकाले Angling पर्यटन विकास गर्ने सिक्किममा उल्लेखनीय सम्भावना रहेको कुरामा प्रकाश पारे।